# नेपाल, सेनेगल र युगान्डामा पशुपंक्षी खोपको मूल्य श्रृंखला विकाशका लागि महिला सहभागिताको सुनिश्चितता

पशु स्वास्थ्यमा जिटा सम्बन्धी एक दिने तालिमः

पशु स्वास्थ्यमा लैङ्गिक अन्तरविच्छेदन्नात्मक रूपान्तकारी दृष्टिकोणमा केन्द्रित सहजीकरण पुस्तिका

नेपाल

नोभेम्बर २०२१

IDRC · CRDI
International Development Research Centre
Centre de recherches pour le développement international
Canada
UF UNIVERSITY of FLORIDA

## एलभिआइएफ (LVIF) तथा नेपाल, सेनेगल र युगान्डामा पशुपंक्षी खोपको मूल्य श्रृंखला विकाशका लागि महिला सहभागिताको सुनिस्चितता

एलआइभिटी (LIVT) ले लैङ्गिक परिवर्तनका लागि पशु खोप प्रयोगमा अन्तरविच्छेदन्नात्मक विभेदबाट महिलाहरूलाई मुक्ति गर्ने भन्ने जनाउँछ। यो परियोजनाको पुरानो नाम हो, जसलाई नेपाल, सेनेगल र युगान्डामा पशुपंक्षी खोपको मूल्य श्रृंखला विकाशका लागि महिला सहभागिताको सुनिस्चितता भन्ने नयाँ नाम दिइएको छ।

## सिफारिस गरिएको उद्धहरण

( लगेट, एन (२०२१)। पशु स्वास्थ्यमा जिटा सम्बन्धी एक दिने तालिम : पशु खोप प्रयोगमा कार्यरत स्वास्थ्य कार्यकर्तालाई तालिम प्रदान गर्ने लैङ्गिक अन्तरविच्छेदनात्मक रूपान्तकारी दृष्टिकोणमा (GITA) केन्द्रित सहजीकरण पुस्तिका। नेपाल, सेनेगल र युगान्डामा पशुपंक्षी खोपको मूल्य श्रृंखला विकाशका लागि महिला सहभागिताको सुनिस्चितता। फ्लोरिडा विश्वविद्यालय, एफएल)

## आभार

यो पुस्तिका क्यानाडाको अन्तर्राष्ट्रिय विकास अनुसन्धान केन्द्रको अनुदान नं: १०९०६२-००१ को अङ्गका रूपमा तयार गरिएको हो।

पशुखोप आविष्कार कोशमार्फत यो पुस्तिका तयार गर्न सम्भव भएको हो। सो कोश बिल तथा मेलिन्दा गेट्स संस्था (BMGF), विश्व ममिला हेर्नेसम्बन्धी क्यानाडा (GAC) र क्यानाडाको अन्तर्राष्ट्रिय विकास अनुसन्धान केन्दको (IDRC) सहयोगमा खडा भएको हो।

## आविष्करण

यस पुस्तिकामा अभिव्यक्त गरिएका विचारहरू आइडिआरसी (IDRC) वा यसका गर्भनर बोर्डका (कार्यकारी सदस्यहरूका) आधिकारिक धारणा होइनन्।

## विषयवस्तु तालिका

शब्दका सङ्क्षेप र सङ्क्षिप्त रूपहरू ....................................................................................................३

पृष्ठभूमि........................................................................................................................................४

तालिमका कार्यक्रमहरु ......................................................................................................................५

छलफल र कृयाकलापहरु ....................................................................................................................५

हाते सामग्रीहरू (ह्यान्डआउटस्) ......................................................................................................१८

हाते सामग्री १.० तालिमका विषयवस्तु ..........................................................................................१९

हाते सामग्री १.१ तालिमपूर्व मूल्याङ्कन ..........................................................................................२०

हाते सामग्री १.२ तालिमपश्चात मूल्याङ्कन .....................................................................................२२

हाते सामग्री १.३ हाजिरी पाना.......................................................................................................२३

हाते सामग्री १.४ फिसबोल ..........................................................................................................२४

हाते सामग्री १.५ एक व्यक्तिका बहुपहिचान ....................................................................................२५

हाते सामग्री १.६ लैङ्गिक लाइफलाइन (लैङ्गिक पहिचान छुट्याउने जीवनका क्षणहरू ...............................२६

हाते सामग्री ३.१ पशु स्वास्थ्यमा महिलाहरूको भूमिका.........................................................................२७

हाते सामग्री २.१ समुदायको सम्पत्ति र स्रोतसाधनका उदाहरण..............................................................२८

हाते सामग्री ५.३ महिला उद्यमीका छवि..........................................................................................२९

हाते सामग्री ६.२ ओरिड (ORID) आत्ममूल्याङ्कन...........................................................................३१

# शब्दका सङ्क्षेप र सङ्क्षिप्त रूपहरू

| | |
|---|---|
| Agri-preneur | कृषि उद्यमी |
| GESI | लैङ्गिक समानता र सामाजिक समावेशीकरण |
| GITA | लैङ्गिक अन्तरविच्छेदन्नात्मक रूपान्तकारी दृष्टिकोण |
| IDRC | अन्तर्राष्ट्रिय विकास अनुसन्धान केन्द्र (क्यानडा) |
| LIVT | नेपाल, सेनेगल र युगान्डामा लैङ्गिक रूपान्तरणका लागि पशुपंक्षी खोप प्रयोगमा हुने अन्तरविच्छेदन्नात्मक विभेदबाट मुक्ति |
| LVIF | पशु खोप आविष्कार कोश |
| LVVC | पशुपंक्षी खोप मूल्य श्रृंखला विकाश |
| PPR | पेस्टे डेस पेटिटस् रुमिन्यान्टस |
| UF | फ्लोरिडा विश्वविद्यालय |
| VAHW | ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता |
| Vet–preneur | पशु स्वास्थ्य उद्यमी |

# पृष्ठभूमि

नेपाल, सेनेगल र युगान्डामा साना उग्राउने पशुहरूलाई दिइने पेस्टे, डेस पेटिस (पिपिआर) खोपहरूको प्रयोगमा महिलाहरूको सहभागिता बढाउने साथै सेनेगलमा उनीहरूका हाँस कुखुरामा लाग्ने रानीखेत रोग विरुद्ध पनि यो खोप उपयोगमा उनीहरूलाई सामेल गराउने यस **एलआइभिटी (LIVT)** परियोजनाका लक्ष्यहरू रहेका छन् । नेपालमा यो परियोजना चितवन, धादिङ, कास्की, नुवाकोट, पाल्पा र तनहुँ जिल्लाहरूमा कार्यन्वयन भइरहेको छ । यो परियोजनाल बाखालाई प्रदान गरिने पिपिआर खोपमो जोड दिन्छ । विभिन्न प्रकारका तत्त्वहरूले महिलाहरूलाई आफ्ना पशुलाई खोप लगाउनबाट रोकेको तथ्य धेरै मानिसहरूले स्विकार्छन् । जसमध्ये, अधिकांश तत्त्वहरू लैङ्गिक तथा अन्तर विभेदीय सवालहरू (जस्तै वर्ग, जात/जातीय, अपाङ्गता, उमेर आदि) सँग सम्बन्धित छन् । लैङ्गिक अन्तरविच्छेदन्नात्मक रूपान्तकारी दृष्टिकोण प्रयोग गरेर महिला पशुधनी, सबै तहका पशु स्वास्थ्य कार्यकर्ता र प्रशिक्षकहरूसँग काम गर्दा यसले पशु खोप वितरण र उपयोगमा महिलाहरूको पूर्ण सहभागिताका लागि एक रूपान्तरणकारी अवसर प्रदान गर्छ भन्नेमा हामी विश्वास गर्छौं ।

यस परियोजनाले अपनाएको विधि–*एक लैङ्गिक अन्तरविच्छेदन्नात्मक रूपान्तकारी दृष्टिकोण* (GITA:गिटा) - महिलाहरूलाई सबल बनाउने साथैखाले *अन्तरविच्छेदन्नात्मक* ढाँचा समावेश गर्ने दुबै प्रयोजनमा आधारित छ । पशुहरूलाई खोप दिने परिवेश, पशु स्वास्थ्यसम्बन्धी अरू तत्त्वहरू जत्तिकै महत्त्वपूर्ण छ भन्ने तथ्यमा **गिटा** (GITA) आधारित छ । यहाँ केवल लैङ्गिकताका कारणले मात्र पशुधनीलाई उनीहरूका पशुलाई खोप लगाउन रोक्छ भन्न खोजिएको होइन । धेरै तत्त्वहरूमध्ये, प्राकृतिक लिङ्ग (sex) वा यौनीकता, जात/जातीय, अपाङ्गता, उमेर आदिका कारण पशुधनीलाई उनीहरूका पशुहरूलाई खोप दिन रोकेमा ती खोप नलगाइएका पशुहरूले रोगको जोखिम कायम राख्छन् ।

प्रशिक्षकहरूलाई (GITA) **गिटा** तथा अन्य सीप (सफट स्किल) प्रवाह गर्न र सिकाउन फ्लोरिडा विश्वविद्यालय (युएफ) एलआइभिटी परियोजनाद्वारा यो तालिम कार्यक्रम विकासित गरिएको हो । सीप अन्तर्गत प्रभावकारी सञ्चार, तालिम वा समूह सहजीकरण, द्वन्द्व निरूपण, व्यवसाय र उद्यमशीलता जस्ता सीपहरू पर्छन् र यहाँ तिनलाई **गिटा** संरचनाभित्र जोडिएको छ । यो तालिम अवधिमा, युएफ एलआइभिटीको तालिम समूहले तालिमका सहभागीहरूका साथमा रही प्रत्येक खण्डका विषयवस्तु र तिनलाई प्रस्तुत/प्रवाह गरिएका विधिहरूको समीक्षा गर्ने छ । साथै, ग्रामिण पश स्वास्थ्य कार्यकर्ताहरूलाई तालिम दिँदा प्रशिक्षकहरूले यस पुस्तिकामा समावेश भएका विषयवस्तु वा जानकारी कसरी अझ बढी प्रभावकारी ढङ्गले दिन सकिन्थ्यो भन्ने पृष्ठपोषण सो तालिम समूहले प्राप्त गर्ने छ । तालिमअघि तालिमपछि, प्रशिक्षकहरूलाई (तालिम) पूर्व तथा पश्चात मूल्याङ्कनमा सामेल गरेर उनीहरूले सबै तालिम सत्रहरूबाट प्राप्त गरेको ज्ञान मापन गरिने छ ।

यस परियोजनाको (UF LIVT) बहु-तहमा तालिम सञ्चालन गर्ने योजना छ । पहिलो तालिम व्यावसायिक पशु चिकित्सा कर्मचारीप्रति लक्षित छ, जुन प्रशिक्षक-प्रशिक्षणका ढाँचामा सञ्चालन हुन्छ । यस तालिमले उनीहरूलाई ग्रामिण पशु स्वास्थ्य कार्यकर्तालाई प्रदान गर्ने तालिममा **गिटा (GITA)** समावेश गर्न तयार पार्नेछ । दोस्रो र सोपछि सञ्चालन हुने तालिमहरू ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता र पशुधनीलाई दिइने क्यासकेडिङ तालिमहरू हुने छन् । विद्यमान ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता पाठ्यक्रममा **गिटा** र नरम सिप थप गर्न यस परियोजनाले प्रशिक्षकहरूसँग कार्य गर्नेछ । यो (LIVT) परियोजनाद्वारा तयार गरिएका यी पाँचओटा स्रोत पुस्तिकाहरू पाठयोजना निर्माण र विषयवस्तु छनौट गर्दा यो तालिम सहजीकरण पुस्तिकासँग मेल खाने गरी प्रयोग गरिनुपर्ने छ ।

## तालिमका उद्देश्यहरू :

- समुदायका सदस्यहरूलाई आफ्नो सेवाप्रवाह गर्ने क्रममा **गिटा** (GITA) का सोचहरूलाई समावेश गर्न नेपालका छनौट भएका जिल्लामा पशु सेवा शाखा तथा सहकारीका कर्मचारिहरुलाई तालिम प्रदान गर्नु ।

## सिकाइ उद्देश्यहरू :

- लैङ्गिक तथा अन्य अन्तरविच्छेदन्नात्मक विभेदीय तत्त्वहरूलाई (जस्तै जात/जातीयता, भौगोलिक स्थान, शिक्षा, उमेर आदि) स्थानीय तहमा गर्ने कार्यक्रमसँग किन जोड्नुपर्छ भन्ने बुझ्नु ।

## पहिलो दिन

उपलब्धिमा आधारित उद्देश्यहरू

पहिलो दिनको अन्तमा, सहभागीहरूले निम्न सिकाइ उपलब्धि हासिल वा कार्यहरू गर्नेछन् :

- तालिमपूर्व मूल्याङ्कन सम्पन्न गर्ने ।
- समूहमा आफूलाई परिचित गराउने ।
- लैङ्गिकता, लैङ्गिक लाइफलाइन (लैङ्गिक पहिचान छुट्याउने जीवनका क्षणहरू) र लैङ्गिक भूमिकामा केन्द्रित भएर गिटा (GITA) र गेसी (GESI) बारे सिक्ने ।
- पशु खोप प्रयोगमा गिटा र गेसीको (GESI) प्रयोग बुझ्ने ।
- (सामुदायिक) सम्पत्ति र स्रोतसाधनलाई महŒव दिँदै समुदायको नक्सा बनाउने
- लैङ्गिकता, जात/जातीयता, वर्ग साथै अरू सामाजिक रूपले निर्माण गरिएका तत्त्वहरूले पशुधन तथा पशु चिकित्सासम्बन्धी सुविधा विस्तारका अवरोधकहरू पत्ता लगाउने

अवधि

९ घण्टा (दिउँसोको खाना र ब्रेकको समयबाहेक)

सामग्री (प्रत्यक्ष तालिमका लागी आवश्यक)

- फ्लिपचार्ट पेपर, मार्करहरू, कागजको (मास्किङ) टेप, टाँसिने कलर नोट्स वा रङ्गिन कागजका साना टुक्राहरू
- सहभागीहरूका लागि नाम ट्याग (नाम सङ्केत), कापी र कलमहरू
- हाते सामग्री १.० तालिमका विषयवस्तु
- हाते सामग्री १.१ तालिमपूर्व मूल्याङ्कन
- हाते सामग्री १.२ तालिमपश्चात मूल्याङ्कन
- हाते सामग्री १.३ हाजिरी पाना
- हाते सामग्री १.४ फिसबोल
- हाते सामग्री १.५ एक व्यक्तिका बहुपहिचान
- हाते सामग्री १.६ लैङ्गिक लाइफलाइन (लैङ्गिक पहिचान छुट्याउने जीवनका क्षणहरू)
- हाते सामग्री १.७ पशु स्वास्थ्यमा महिलाहरूको भूमिका
- हाते सामग्री १.८ समुदायको सम्पत्ति र स्रोतसाधनका उदाहरण
- हाते सामग्री १.९ महिला उद्यमीका छवि
- हाते सामग्री १.१० ओरिड
- पहिले नै लेखिएको फ्लिपचार्ट (प्रयोग गर्नु परेमा)

- कम्प्युटरको पहुँच र आवश्यक परेमा प्रशारण (कनेक्टिभिटी) र स्क्रिन, प्रोजेक्टर भएको कोठा ।

कार्य/छलफल/क्रियाकलाप

तालिमपूर्व मूल्याङ्कन (हाते सामग्री १.१)

सम्भव भए, सहभागीहरू प्रवेश गर्दा वा बिहानको नास्ता खाने अवधिलाई प्रयोग गरी सबै सहभागीहरूलाई तालिमपूर्वको मूल्याङ्कन फारम भर्न लगाउनुहोस् । तालिम सुरु हुनुभन्दा अघि नै भरिएका, सबै फाराम सङ्कलन गर्नुहोस् ।

### १.१. स्वागत तथा परिचय

सहजकर्ता : हेलो, स्वागतम् । यो तालिम पशु सेवा शाखा र सहकारिका कर्मचारी तथा सदस्यहरुका लागि हो । यस तलिमको समग्र उद्देश्य समुदायका सदस्यहरू, विशेषतः महिला तथा सीमान्तकृत समुदायका अन्य सदस्यहरूबिच तपाईंहरूले गर्ने कार्यमा समावेशीविधिहरू प्रयोग गर्न तपाईंहरूकै क्षमता वृद्धि गर्नु हो । आजको तालिम लैङ्गिकताको अर्थ, पशु उत्पादनमा लैङ्गिक लाइफलाइन (लैङ्गिक पहिचान छुट्याउने जीवनका क्षणहरू) तथा लैङ्गिक भूमिकाबारेमा केन्द्रित हुनेछ । लिङ्ग, जात/जातीयता, उमेर, शिक्षा तथा भौगोलिक स्थानविशेषलाई नहेरी समुदायमा सबैलाई पशु चिकित्सा र पशुधनसम्बन्धी सुझाव कसरी दिन सकिन्छ भन्ने कुरा राम्ररी बुझ्न हामी गिटा (GITA) र गेसीको (GESI) प्रयोग बारे पनि छलफल गर्ने छौं । अब, एक आपसमा परिचित हुन केही समय छुट्याऊँ । यस तालिम अवधिभर, तपाईंलाई कुन नामले सम्बोधन गर्दा उपयुत्त हुन्छ ? हामीलाई भन्नुहोस् त ।

सहभागीहरूलाई आआफ्नो परिचय दिन लगाउनुहोस् । उनीहरू के काम गर्छन् ?पशु सेवा शाखा र सहकारिका कर्मचारी तथा सदस्यहरुका रूपमा, उनीहरूको एक महत्त्वपूर्ण गुण के हो ? बताउन भन्नुहोस् ।

सहजकर्ताले उनीहरूका गुणहरू फ्लिपचार्टमा लेख्नुपर्छ । जस्तै : पशु सेवा शाखाका कर्मचारी एक असल सञ्चारकर्ता हुनुपर्छ ।

### १.२. क्रियाकलाप - फिसबोल

सहजकर्ता : यो एक अन्तरक्रियात्मक क्रियाकलाप हो । हाते सामग्री १.४ अनुसार यो क्रियाकलाप गर्नुहोस् । यो क्रिया क्रियाकलापका लागि ३० मिनेट समय छुट्याइएको छ ।

### १.३. विषयवस्तु पुनरावलोकन र कार्यशालाका उद्देश्यहरू

सहजकर्ता : तालिमबारे छोटो जानकारी दिनुहोस् । तालिम सुरु र अन्त्य हुने समय तथा ब्रेकबारे बताउनुहोस् । समूहका आवश्यकता सम्बोधन गर्न, केही पाठ र समय परिवर्तन हुन सक्ने पनि उल्लेख गर्नुहोस् । विषयवस्तुसम्बन्धी, सहभागीहरूले राखेका प्रश्नका उत्तर दिनुहोस् ।

### १.४. गिटा (GITA) को परिचय : गिटा भन्नाले के बुझिन्छ ?

सहजकर्ता : के यी शब्दावली तपाईंहरूले यसभन्दा अघि देखेको वा प्रयोग गर्नुभएको छ ? सहभागीहरूलाई सोध्नुहोस् ।

**लैङ्गिकता :** महिला र पुरुषले कसरी भिन्नभिन्न व्यवहार गर्नुपर्छ भनी समाजले परिभाषित गरेका भूमिका र मान्यताहरू

**अन्तरविच्छेदन्नात्मक :** सबै व्यक्तिहरूसँग आआफ्ना विशिष्ट अनुभवहरू हुन्छन् र हामीले मानिसलाई विभेद गर्ने वा सीमान्तकृत बनाउने जुनसुकै पक्षहरू जस्तै लैङ्गिक, जात, जातीयता, शारीरिक क्षमता, भौगोलिक अवस्थिति आदिलाई ख्याल गर्नुपर्छ भन्ने स्वीकारोक्ति ।

**रूपान्तरणकारी :** परिवर्तनका लागि प्रेरणा दिने, कसैको दृष्टिकोणलाई परिवर्तन गर्न कारक बन्ने कुनै पनि कुरा ।

**विधि/दृष्टिकोण**ः कुनै एक निश्चित तरिकाले पहिलोपटक कुनै कुरासँग सामना गर्न वा कुनै व्यक्तिसँग बोल्न सुरु गर्ने ।

लैङ्गिक सवालहरूलाई मात्र सम्बोधन गर्ने विधिहरूभन्दा यो **गिटा** विधि पृथक् छ । यो केवल महिला हुनु वा पुरुष हुनुका बिचको भिन्नताबारे मात्र होइन । यो त एक व्यक्ति र उसको पहिचानलाई परिभाषित गर्ने वा चिनाउने अरू तत्त्वहरू बारे पनि हो । धेरै तत्त्वहरूले पहिचान निर्धारण गरेका हुन्छन् । तपाईंहरूले नेपालमा कुनै व्यक्तिलाई भेट्दा, उनीहरूको पहिचान बुझ्ने वा छुट्याउने धेरै तरिकाहरू छन् – उनीहरूको अनुहारको विशेषता, उनीहरूले लगाउने लुगा, उनीहरूले बोल्ने भाषा आदि । तपाईंहरूले यस्ता शारीरिक तत्त्वका आधारमा उनीहरूबारे आआफ्ना धारणा बनाउनुहुन्छ । तर, तपाईंलाई अरू धेरै तत्त्वहरूबारे निश्चय नै थाह नहुन सक्छ । यो कार्यशाााला/तालिममा हामी ती तत्त्वहरू खोतल्ने कार्य गर्ने छौँ ।

**'रूपान्तरणकारी'** शब्दावली लाई पनि हामी छलफलका क्रममा जोड दिने छौँ । यसको बुझाइबाट नै हामीले व्यक्तिको व्यवहार परिवर्तन गर्न सक्छौँ । तपाईंहरूले प्रशिक्षण दिँदै गरेका व्यक्तिहरू को हुन ? जति धेरै तपाईंहरूले उनीहरूसम्बन्धी तथ्य र उनीहरूका व्यवधान पत्ता लगाउन सक्नुहुन्छ, तपाईंहरूले उनीहरूका आवश्यकतासँग राम्ररी मेल खाने तालिम कार्यक्रम तय गर्न सक्नुहुन्छ । यही दौरानमा तपाईंहरू स्वयम्ले पनि रूपान्तरणकारी सिकाइअनुभूत गर्नुहुन्छ । साथै, तपाईंको सोचाइ र व्यवहारमा परिवर्तन हुन्छ ।

### गेसी (GESI) को अर्थ के हो ?

नेपालमा महिला, दलित तथा अन्य जोखिममा रहेका समूहहरूको विभिन्न सामाजिक र आर्थिक गतिविधिमा समावेशीकरण प्रवर्द्धन गर्न नेपाल सरकारले सन २००८ मा लैङ्गिक समानता र सामाजिक समावेशीकरण गेसी **(GESI)** ढाँचा लागु गऱ्यो ।

- लैङ्गिकता
- समानता
- सामाजिक
- समावेशीकरण

गेसी एउटा अवधारणा हो जसले लिङ्ग, उमेर, फरक शारीरिक क्षमता (अपाङ्गता) जात/जातीयता, धर्म, गरिबी वा अन्यका आधारमा मानिसहरूले अनुभूत गर्ने असमान शक्ति सम्बन्धहरूलाई सम्बोधन गर्छ । यी शक्ति सम्बन्धहरूको

पुनः सन्तुलन मिलाउन, असमानताहरू घटाउन तथा उनीहरूको सामाजिक पहिचान जुनसुकै भए तापनि सबै व्यक्तिहरूलाई समान अधिकार, अवसर र सम्मान सुनिश्चित गर्ने कार्यको आवश्यकतामा गेसीले जोड दिन्छ ।

**गिटा र गेसी समान छन् तर :**

**गिटाले** परिस्थिति र स्थानअनुसार फरक पर्ने धेरै प्रकारहरू (प्रकारका व्यक्तिहरू) समाविष्ट गर्छ । यसले प्रायः सधैं निम्न प्रकारका व्यक्ति र समूह समेट्छ :

- समाजिक रूपले (अवसरबाट) वञ्चित भएका महिलाहरूलाई समावेश गर्ने,
- खास गरेर जोखिममा रहेका (समूह)
- गरिब वा आर्थिक रूपले वञ्चित रहेका (समूह/समुदाय)

गिटाका तुलनामा गेसीले अझ बढी प्रकारका समूह र तिनको चिनारी समेट्छ : नेपालका सन्दर्भमा, अवसर पाएका, अवसरबाट वन्चित भएका, जोखिममा रहेका तथा नरहेका सबै समुदाय ।

गेसी ढाँचाका आधारमा कुनकुन समूह अवसर पाएका , सोबाट वञ्चित भएका, जोखिममा रहेका, जोखिममा नरहेका जस्ता विभिन्न प्रकारभित्र पर्दछन् ? परिभाषा दिनुहोस् । सङ्केत मात्र गरिएका चारओटा खाली कोठा फ्लिपचार्टमा बनाउनुहोस् । कुन समूह कुन कोठाभित्र पर्छ भनेर सहभागीहरूबाटै उत्तर लिनुहोस् । सहभागीहरूको प्रतिक्रियाद्वारा फ्लिपचार्ट/खाली कोठा भर्नुहोस् । तल दिइएको निर्देशन प्रयोग गरेर प्रत्येक कोठा भर्नुहोस् ।

| **(समावेश) अवसर पाएका** | **अवसरबाट वञ्चित भएका** |
|---|---|
| ● विशेषतः उच्च स्तर समूहका पुरुष<br>धनी/उपल्लो जात<br>नेपाली समाजमा परिभाषित गरिएका वर्चस्वशाली समूह(हरू) :<br><br>○ जात/जातीयता : खस आर्य क्षेत्र<br>○ क्षेत्र : पहाड, त्यसै कारण पहाडमा बस्ने मानिसहरू वा पहाडी<br>○ धर्म : हिन्दु<br>○ भाषा : नेपाली<br>○ सम्पत्ति : भूमिपति<br>● नागरिकहरू<br>● अपाङ्गता नभएका व्यक्तिहरू<br>● उमेरदार वयस्क | ● महिला<br>● गरिब/तल्लो वर्ग नेपाली<br>समाजले परिभाषित गरेअनुसार सीमान्तकृत/वञ्चित गरिएका:<br>○ जात/जातीयता : दलित, अन्य पछाडि परेका समूह र आदिवासी जनजाति<br>○ क्षेत्र : तराई, त्यसकारण तराई बासिन्दा मधेसी<br>○ धर्म : मुस्लिम र हिन्दुइतर अन्य<br>○ भाषा : नेपालीबाहेकका अन्यभाषहरू<br>○ सम्पत्ति : भूमिहीन<br>● गैर–नागरिक<br>● अपङ्गता भएका व्यक्तिहरू<br>● दुर्गम स्थान/कठिन भौगोलिक क्षेत्रमा बस्ने मानिसहरू -जस्तै, सुदूर पश्चिम र कर्णाली) |

| | |
|---|---|
| • राजधानी र ठुला शहरमा बस्ने मानिसहरू | |
| **जेखिममा नरहेका मानिसहरू**<br>• भूकम्प, बाढी वा खडेरीबाट प्रभावित नहुने क्षेत्रमा बसोबास मानिसहरू<br>• एचआइभी सङ्क्रमण नभएका मानिसहरू<br>• बेचबिखनमा नपरेका वा यौन कार्यमा नलगाइएका मानिसहरू<br>• उमेरदार वयस्कहरू | **जोखिममा रहेका**<br>• भूकम्प, बाढी वा खडेरीबाट प्रभावित क्षेत्रमा बसोबास गरेका मानिसहरू<br>• एचआइभी सङ्क्रमण भएका मानिसहरू<br>• यौनकर्मी र बेचबिखनमा परेका मानिसहरू<br>• बालबच्चा, किशोर किशोरी र बुढापाका |

सहजकर्ता : सहभागीहरूले यी शब्दावली कहाँ र कसरी सुने वा देखे ? छलफल गर्नुहोस् । गिटा र गेसी प्रयोग गरी समुदायमा काम गर्दा उनीहरूले प्रयोग गर्दै गरेको विधिलाई प्रभाव पार्छ वा पार्दैन भनी सहभागीहरूलाई सोच्न लगाउनुहोस् ।

सहजकर्ता : गिटाको निम्न परिभाषा सहभागीहरूबिच प्रस्तुत गर्नुहोस्:

**"लैङ्गिक रूपान्तरणकारी** दृष्टिकोणहरूले महिला र पुरुषहरूबिचका लैङ्गिक भूमिका र मान्यताबारे समालोचनात्मक सचेतना बढाउँछन्; महिलाहरूको स्थानलाई प्रवर्द्धन गर्छन्; महिला र पुरुषबिच हुने स्रोतसाधनको वितरण तथा कर्तव्य तोक्ने कार्यलाई चुनौती दिन्छन्; र/वा समुदायमा महिला र अरूबिचको शक्ति सम्बन्धहरूलाई सम्बोधन गर्छन ।" (रोटाच र अन्य २००९,८)

### १.५.१. लैङ्गिकता

सहजकर्ता : यदि हामी परिवर्तनलाई प्रवर्द्धन गर्दै छौं भने, हामीले कुन सवाललाई परिवर्तन गर्नुपर्ने हो, सो बुझ्न जरुरी पर्छ । तपाईंहरूका सन्दर्भमा लिङ्गलाई कसरी बुझिन्छ ? तपाईंहरू लैङ्गिकता र यौनीकताको (sexuality) परिभाषा कसरी दिनुहुन्छ ? के किसानहरूले दुबैको एउटै परिभाषा दिंदा हुन त ? यी प्रश्नहरू समूहमा छलफल गर्नुहोस् । केटा र केटीलाई कसरी हुर्काइन्छ भन्नेमा हाम्रो संस्कृतिले मूल प्रभाव पार्छ । जसको फलस्वरूप, जीवनभर उनीहरूले पाउने अवसरहरू निर्धारण हुन्छन् र तिनमा संस्कृतिले असर गर्छ । समय क्रममा धेरै कारणले हाम्रा अवस्थाहरू परिवर्तन हुन्छन् भन्नेमा सचेत बन्नुहोस् ।

**लैङ्गिकताले** सामाजद्वारा निर्धारित यस्ता विशेषतालाई जनाउँछ, जसले कोही पुरुष र महिला हुने भूमिकाहरू (तरिकाहरू) तथा व्यवहारलाई बिशिष्ट परिवेशभित्र परिभाषित गर्छन र जोड्छन् ।

उदाहरणका लागि, सांस्कृतिक सङ्केत, मान्यता, संस्थागत संरचना तथा आन्तरिकीकरण गरिएका स्व-छविहरूको जालो नै लैङ्गिकता हो, जसले शक्ति सम्बन्धहरूभित्र रहेर पुलिङ्गीय र स्त्रीलिङ्गीय भूमिका, अधिकार र विशेषाधिकारहरू परिभाषित गर्छ ।

यौनीकताले (sexuality) पुरुष र महिलाबिचका जैविक र शारीरिक भिन्नताहरूलाई जनाउँछ ।

### १.४.२. अन्तरविच्छेदात्मकता (विभेद)

सहजकर्ता : हाते सामग्री १.५ वितरण गर्नुहोस् । हरेक व्यक्तिका फरकफरक पहिचानहरू छन् । हामी हुर्किएको स्थान, हामीले पढेको विद्यालय तथा छनौट गरेको पेसा आदिका कारण ती लैङ्गिकता तथा यौनीकताद्वारा चरितार्थ हुन्छन । हाते सामग्री १.६ मा हेरौं । यहाँ एक व्यक्तिका धेरै फरकफरक पहिचान भएको हामी देख्छौं ।

हाम्रा पहिचानहरू निम्न हुन सक्छन् :

- गतिशील (लगातार परिवर्तन हुने)
- बहु/धेरै
- समाजद्वारा निर्धारण गरिएको

अब, दिइएको उदाहरण हेरौं, एउटा फ्लिपचार्टमा चित्र १ मा जस्तै भेन चित्र कोर्नुहोस् । कुनै व्यक्ति एक गाउँ स्वस्थ्य कार्यकर्ता, एक पुरुष, विवाहित व्यक्ति तथा क्षेत्री हुन सक्छ । यहाँ, मैले चारओटा बहुपहिचान खप्टिएको वा काटिएको विषयलाई मात्र महत्त्व दिएँ । यी पहिचाहरू छेद नभएको केन्द्रलाई प्रतिक्षेदन (बहुपहिचान/विभेदका विभिन्न पक्षहरू खप्टिने ठाउँ) भनिन्छ ।

त्यसकारण, अन्तरविच्छेदन्नात्मकता भनेको हाम्रा पहिचानका बहुपक्ष खप्टिन्छन, तिनले एक अर्कालाई प्रभाव पार्छन र पृथक् अनुभवहरू सिर्जना गर्न समिश्रित हुन्छन भन्ने अवधारणा बुझ्ने एक ढाँचा हो ।



**चित्र १. पहिचानहरूको प्रतिच्छेदन (खप्टाइ)**

अन्तरविच्छेदन्नात्मकताले हामी सबैका बहुपहिचान हुन्छन् र ती एकआपसमा खप्टिई वा छेदन भई हामी को हौं भन्ने वास्तविकतालाई उजागार गर्छ ।

अन्तरविच्छेदन्नात्मकता भनेको एक सीमान्तकृत समूहभित्र पर्ने सबै जनाले एकै प्रकारका समस्या वा विभेद भोल्छन् भन्ने धारणा वा सोचाइलाई चुनौती दिने एक तरिका हो ।

### १.४.३ क्रियाकलाप- लैङ्गिक लाइफलाइन (लैङ्गिक पहिचान छुट्याउने जीवनका क्षणहरू)

सहजकर्ता : महिला हुनु र पुरुष हुनुले हाम्रो समाजमा के अर्थ राख्छ ? तपाईंहरूका सिकाइका आधारमा हामी यो सवाल खोतल्न जाँदै छौं भनेर व्याख्या गर्दै सहभागीहरूमाभ्क यो क्रियाकलाप प्रस्तुत गर्नुहोस् । यहाँ सहभागीहरूले लैङ्गिक लाइफलाइन (लैङ्गिक पहिचान छुट्याउने जीवनका क्षणहरू) कोर्नेछन् । लैङ्गिक लाइफलाइनले हाम्रो विशेष लैङ्गिकता के हो भन्नेबारे हामीमा सचेतना ल्याउने हाम्रा जीवनका स्मरणीय घटनाहरूलाई अभिलेख गर्छ । पुरुष वा महिला हुनुमा हामीले गर्ने अनुभूति तथा हाम्रा पहिचानका सन्दर्भमा केकस्ता परिवेश र कोको जिम्मेवार छन् भन्ने हेर्न/बुभ्कन यो लाइफलाइनले सहयोग गर्छ ।

(सम्भव भएमा) प्राकृतिक लिङ्गका (sex) आधारमा सहभागीहरूलाई भिन्नभिन्न समूहमा विभाजन गर्नुहोस् वा सो नभएमा एउटा समूहलाई महिलाहरूको भूमिका निर्वाह गर्न लगाउनुहोस् । हाते सामग्री १.६.वितरण गर्नुहोस् । सहभागीहरूलाई दिइएको तालिका पनि भर्न लगाउनुहोस् ।

सो तालिका भरिसकेपछि, समूहमा (प्लेनरी) यी प्रश्न छलफल गर्नुहोस् :

- केटा र केटी, पुरुष र महिलाहरूबिच केके भिन्नताहरू छन् ?
- किन उनीहरू भिन्न छन् ।
- कसरी केटाहरू र केटीहरूले नियम तथा जिम्मेवारी सिक्छन् ? कसले उनीहरूमाथि कुरा यी लागु गर्छन ?
- के केटा र केटीहरूका लागि उस्तै नियम र जिम्मेवारी छन् ? के यो न्यायोचित छ ?
- एक बालक कहिले वयस्क बन्छ ? त्यसपछि, उसमा के परिवर्तन हुन्छ ?
- महिला र पुरुषबिच अवसर प्राप्तिमा केके भिन्नता छन् ?
- कसरी नियम/अपेक्षित व्यवहारले अवसर तथा उपलब्धिहरू निर्धारण गर्छन् ?

समूह छलफल (प्लेनरी) तथा आत्ममूल्याङ्कनलाई सहजीकरण गर्नुहोस् :

- आआफ्नो लाइफलाइनबाट तपाईंहरूले केके सिक्नुभयो ?
- के तपाईंहरूका बच्चाहरूको लाइफलाइन पनि यस्तै छ ? तपाईंहरू के सवालमा परिवर्तनको अपेक्षा राख्नुहुन्छ ?

### १.४.४ पशुजन्य खोप प्रयोग मा गिटा र गेसी

सहजकर्ता : पहिले हामीले पुरुष र महिलाबिचका लैङ्गिक भूमिकाहरू पहिचान गर्‍यौं । अब, हामी लैङ्गिक भूमिकाले पशुधन उत्पादनमा पार्ने प्रभावबारे केन्द्रित हुन गइरहेका छौँ । पशुधन उत्पादन कार्यहरू लैङ्गिक निरपेक्ष छैनन् । न त यीसँग सम्बन्धित क्रियाकलाप नै लैङ्गिक दृष्टिकोणबाट निष्पक्ष छन् । हामीले यो सवाल उठाउनुको अर्थ धेरै मानिसहरूले खास प्रकारका पशुधनलाई पुरुष वा महिलासँग मात्र सम्बन्धित भएको ठान्छन् । उदाहरणका लागि, बाख्रा महिलासँग सम्बन्धित हुन्छन् भने भैँसी पुरुषसँग । तर, यसो भए तापनि, यी पशुसँग सम्बन्धित केही उत्पादन क्रियाकलापहरू एक पक्ष (महिला) वा अर्को पक्षद्वारा (पुरुष) गरिएको हुन सक्छ । उदाहरणका लागि, दुध दुहुने वा पशु चराउन लैजाने कार्य पुरुषको मात्र, महिलाको मात्र, केटाहरूको मात्र होला भन्ने सोचिन्छ । यसका विपरीत, यी कार्य जसले गरे पनि केही फरक पर्दैन भन्ने पनि मानिसहरूमा सोच हुन सक्छ । तालिम प्रदान गर्दा, तपाईंहरूले छलफल गरिएको पशु र त्यसको व्यवस्थापनमा जिम्मेवार पक्ष को हो त भन्ने जानकारी राख्न महत्त्वपूर्ण हुन्छ । मानौँ,  दुध दुहुने बेलामा सरसफाइको महत्त्वबारे तपाईंहरूले पुरुष सहभागीहरूलाई बताउनुभयो । तर, दुध दुहुने कार्य चाहिँ महिलाहरूले मात्र गर्छन् भने, तपाईंहरूले दिएका जानकारी लक्षित समूहमा/व्यक्तिमा पुग्दैनन् ।

### १.५.५. क्रियाकलाप - लैङ्गिक भूमिका

तपाईंहरूलाई *एक पुरुष जस्तो व्यवहार प्रदर्शन गर्न* भनिएको छ कि *एक महिलाको जस्तो* ? यी प्रत्येक सबालको के अर्थ लाग्छ ?

| **पुरुष जस्तो** | **महिला जस्तो** |
|---|---|
| व्यवहार प्रदर्शन गर | व्यवहार प्रदर्शन गर |

माथिको जस्तै फ्लिपचार्टमा दुई ओटा ठुला कोठा बनाउनुहोस् । लेख्नका लागि पर्याप्त स्थान रहेको सुनिश्चित गर्नुहोस् । सहभागीहरूलाई फ्लिपचार्ट भएको ठाँउसम्म बोलाउनुहोस् । *पुरुष जस्तो व्यवहार प्रदर्शन गर* वा *महिला जस्तो व्यवहार प्रदर्शन गर* भन्ने भनाइले कस्ता लैङ्गिक भूमिका वा विशेषता अपेक्षा गरेको छ ? सोबारे सहभागीहरूलाई प्रत्येक कोठामा लेख्न लगाउनुहोस् ।

*यस क्रियाकलापको सहभागीहरूसँग आत्मसमीक्षा* : अब, बनाइएका सूची हेर्नुहोस् र भिन्नताहरू पत्तालगाउनुहोस्। *"पुरुष वा महिला जस्तो व्यवहार प्रदर्शन गर"* भन्नुको अर्थ के हो ? हामी हाम्रा बालबालिकालाई के भन्छौँ ? यीमध्ये कुनकुन भूमिका वा विशेषता सम्भावित रूपले हानिकारक हुन सक्छन् ? माथिका कोठाभित्र उल्लेख भएका भन्दा फरक व्यवहार गर्ने मानिसहरूलाई के हुन्छ ? सङ्क्षेपमा भन्दा, यी कोठाहरूले लिङ्गका आधारमा एक व्यक्तिबाट हाम्रो समाजले कसरी फरक अपेक्षाहरू राखेको छ भन्ने झल्काउँछन ।

### १.४.६. पशु स्वास्थ्यमा लैङ्गिक भूमिकाहरू

सहजकर्ता : यस क्रियाकलापमा, सहभागीहरूलाई पुरुष तथा महिला पशुधन उत्पादकहरूका लैङ्गिक र सामाजिक अपेक्षाहरू खोजी गर्ने र यी मान्यता वा अपेक्षाअनुरूप महिला र पुरुषले लाभ लिने तरिकाहरू तथा यिनले पारेका बाधा/बन्देज पत्ता लगाउन भन्नुहोस्

*हरेक क्षेत्र वा समुदायमा, पशुधन उत्पादन र पशु स्वास्थ्यसँग जोडिएका निश्चित प्रकारका क्रियाकलापहरू छन्, जसलाई महिलाहरूले 'मात्र' गर्ने वा पुरुषहरूले 'मात्र' गर्ने भन्ने ठानिन्छ । फलतः महिलाहरूलाई यी कार्य गर्न बन्देज लगाइन्छ । त्यसै गरी,*




*निश्चित समूहका मानिसहरू यी कार्यमा कहिल्यै सरिक हुँदैनन् ।*

माथिका जस्तै दुई ओटा फ्लिपचार्ट तयार गर्नुहोस् । तिनका वरिपरि लेख्नका लागि यथेष्ट स्थान रहेको सुनिश्चित गर्नुहोस् । फ्लिपचार्ट भएको ठाँउसम्म सहभागीहरूलाई बोलाउनुहोस् । प्रत्येक फ्लिपचार्टमा पशुधन उत्पादनका रूपमा महिलाहरूको भूमिका र पुरुष भूमिका लेख्न लगाउनुहोस् ।

समूहमा छलफल गर्नुहोस् :

- के यहाँ समानताहरू छन् ? तिनीहरू केके हुन ?
- के यहाँ भिन्नताहरू छन् ? तिनीहरू केके हुन ?
- कुनकुन भूमिकाले पुरुषहरूलाई महिलाहरूभन्दा बढी लाभ दिन्छन् ?यसका विपरीत, कुनकुन भूमिकाले महिलाहरूलाई फाइदा पुग्छ ?
- परिवर्तन नभएका र समयक्रममा परिवर्तन हुने लैङ्गिक भूमिका पत्ता लगाउनुहोस् । किन लैङ्गिक भूमिका परिवर्तन हुन्छन् ?

### १.४.७ क्रियाकलाप - पशु स्वास्थ्यका लागि लैङ्गिक कोठाहरू

<u>सहजकर्ता</u> : सहभागीहरूलाई दुई समूहमा विभाजन गर्नुहोस् र उनीहरूलाई तल दिइएको क्रियाकलापमा संलग्न गराउनुहोस् ।

एउटा समूहले पुरुषहरूका लागि र अर्को समूहले महिलाहरूका लागि लैङ्गिक कोठा कोर्नुपर्छ। कोठाभित्र, प्रत्येक समूहले पशु स्वास्थ्यसँग सम्बन्धित के काम गर्छन् भन्ने उदाहरणहरू दिनुहोस् । कोठाबाहिर, महिलाहरू वा पुरुषहरू बारे (समाजले गर्ने) अपेक्षाका स्रोतहरू लेख्नुहोस् ।

त्यसपछि, निश्चित लिङ्गका लागि अनपेक्षित व्यवहार केके हुन ? कोठाबाहिर लेख्नुहोस् । जस्तै, महिलाहरूका अधीनमा रहेका बाखालाई पिपिआर खोप दिलाउन बन्देज गर्नु ।




**चित्र २. लैङ्गिक कोठा**

सहभागीहरूले लैङ्गिक कोठाहरू भरिसकेपछि, निम्न प्रश्नहरू समूहमा (प्लेनरीमा) छलफल गर्नुहोस् ।

- के यी अपेक्षा र व्यवहार जात/जातीयताअनुरूप परिवर्तन हुन्छन् ? उमेरअनुसार नि ? स्थानअनुसार नि ?
- किन हाम्रा समुदाय र मानिसहरूले महिला र पुरुषका लागि भिन्नभिन्न भूमिका, व्यवहार तथा मान्यता तोक्छन ?
- लैङ्गिक कोठाबाट बाहिर निस्कन कसलाई बढी स्वतन्त्रता छ ?
- कुन बेला तपाईं लैङ्गिक कोठाभित्रै बस्न वा त्यसबाट बाहिर आउन चाहानुहुन्छ ? किन ?

### १.५.८ नेपालका सन्दर्भमा गिटा तथा लैङ्गिकता

<u>सहजकर्ता</u> : हामीले पहिले छलफल गरेअनुसार, **गिटाले** धेरै प्रकारका समूह/व्यक्ति/समुदाय समाविष्ट गर्छ, जो परिस्थिति तथा स्थानअनुसार फरक हुन्छन् । तर, यसले देहायका समूहलाई प्रायः सधैं समेट्छ :

- समाजिक रूपले (अवसरबाट) वञ्चित भएका महिलाहरूलाई समावेश गर्ने,
- जोखिममा रहेका समूह
- गरिब वा आर्थिक रूपले वञ्चित रहेका (समूह/समुदाय)

नेपालमा लैङ्गिक अधिकारले निम्न पक्षलाई जोड दिन्छ :

- वंशजको अधिकार
- सुरक्षित मातृसेवा र सन्तान उत्पादनको अधिकार
- सबै प्रकारका शोषण विरूद्धको अधिकार
- पारिवारिक मामला र सम्पत्तिमा समान हक
- महिलाका लागि हानिकारक हुने संस्कारहरूको उन्मूलन ।

## १.५ पशु स्वास्थ्यमा महिलाको भूमिका

सहजकर्ता : व्यक्तिगत तवरले सहभागीहरूलाई कार्य गर्न लगाउन हाते सामग्री १.७ प्रयोग गर्नुहोस् । सबै सहभागीहरूलाई एकै ठाउँमा बोलाउनुहोस् । उनीहरूका योजनाहरू प्रस्तुत र छलफल गर्न १५ मिनेट समय दिनुहोस् ।

उक्त छलफलमा निम्न प्रश्नहरू सोध्नुहोस्:

- पशु स्वास्थ्यमा महिलाहरूको भूमिकाबारे सचेतना बढाउन किन महत्त्वपूर्ण हुन्छ ?
- पशुजन्य रोगहरूलाई व्यवस्थापन गर्न समुदायमा अरू को संलग्नहुनु महत्त्वपूर्ण हुन्छ ?

## १.६ समुदाय भनेको के हो ?

सहजकर्ता : तपाईंहरूले आफू कार्यरत समुदायसम्बन्धी विभिन्न पक्षहरू बुझ्नु महत्त्वपूर्ण हुन्छ । जस्तै, त्यहाँ कोको बस्छन् ? उनीहरू केके काम गर्छन् ? कसलाई केके कार्य गर्न अनुमति दिइन्छ ? यी भूमिका निर्धारण गर्ने सामाजिक परम्परा र मान्यताहरूको तपाईंहरूलाई ज्ञान हुनुपर्छ । त्यसै गरी, समुदायको प्राकृतिक र भौतिक पक्षहरूबारे पनि जानकारी लिनु महत्त्वपूर्ण हुन्छ किनभने यी पक्षहरूले त्यहाँका बासिन्दाहरूलाई प्रभाव पार्छन् । यस सत्रमा, हामी *समुदाय तथा जीवन निर्वाहका स्रोत नक्साङ्कन* नामक एक साधन/विधिद्वारा हामीले काम गर्ने समुदायबारे खोजी गर्ने छौँ ।

### १.६.१ समुदाय र जीवन निर्वाहका सम्पत्ति तथा स्रोतहरूको नक्साङ्कन

सहजकर्ता : नक्साङ्कन भनेको समुदायभित्र रहेका मुख्य सेवा, लाभ, सम्पत्ति एवम् स्रोतसाधनबारे सूची बनाउने वा रेखा कोर्ने एक योजनाबद्ध प्रक्रिया हो । यो कार्यभित्र व्यक्तिहरूका सिप समूह, जीविका, भौतिक स्थान, सङ्घसंस्था तथा स्थानीय अर्थतन्त्रका तत्त्वहरू पनि पर्छन् ।

सारांशमा, समुदाय नक्साङ्कनले देहायबमोजिमका कार्य जनाउँछ :

- समुदायमा भएका स्रोत साधन, सम्पत्ति तथा सवालपक्षहरू पत्ता लगाउने,

- समुदायमा कार्यन्वयन गरिने कार्यक्रम त्यहाँका आवश्यकतासँग सान्दर्भिक हुने कुरा सुनिश्चित गर्ने,
- समुदायबाट उपयोगी जानकारी प्राप्त गर्ने ।

समुदाय र जीवन निर्वाहका स्रोत तथा सम्पत्तिसम्बन्धी उदाहरण दिन हाते पुस्तिका १.८ प्रयोग गर्नुहोस् ।

### २.६.१ क्रियाकलाप - समुदायको नक्सा कोर्ने कार्य

सहजकर्ता : जब तपाईंहरू कुनै समुदाय वा गाउँमा आफू प्रवेश गर्दै गरेको कल्पना गर्नुहुन्छ, त्यहाँ तपाईंहरू केके कुरा देख्नुहुन्छ ? के सबै समुदायहरू उस्तै छन् ? छन् भने, किन ? छैनन् भने, किन ? अब, तपाईंहरू एउटा समुदायभित्र छिरेर त्यसलाई पार गर्न हिँड्दै गरेको कल्पना गर्नुहोस् । मनिसहरू कहाँ बस्छन् ? पशुहरू कहाँ राखिएका छन् ? कहाँ घाँसे बालीनाली उब्जाइन्छ र भित्र्याइन्छ ? यदि सम्भव भए, सहभागीहरूलाई समुदायभित्र *ट्रान्सेन्ट वाक* (सिधा बाटो हिँडाइ) गर्न र त्यहाँका महत्त्वपूर्ण जानकारी/तथ्याङ्क टिपोट गर्न लगाउनुहोस् । साथै, त्यहाँ विद्यमान भौतिक संरचनाहरू (बोरिङद्वारा पानी निकालिएको स्थान ‘बोरिङ होल’, चर्च, कृषि-औषधी पसल, पसल, बाटा, स्वास्थ्य क्लिनिक आदि) पनि टिप्न नछुटाउनुहोस् । *ट्रान्सेक्ट वाक* भन्नाले सामान्यतः एक सरल रेखामा हिँडेर सम्भव भए एउटा गाउँ/समुदाय पार गर्ने र सो क्रममा उक्त गाउँसम्बन्धी सबै महत्त्वपूर्ण तत्त्व/तथ्यहरूको एक तटस्थ नमुना सङ्कलन गर्नु हो । जीव विज्ञान र वन विज्ञानमा, वनस्पतिका प्रकार पत्ता लगाउन*ट्रान्सेन्ट वाक* विधि प्रयोग गरिन्छ । माथि उल्लेख गरेको विधि पनि सोसँग धेरै समान छ ।

सहभागीहरूलाई ससानो समूहमा विभाजन गर्नुहोस् । विभाजित समूहहरूलाई एउटा समुदायको कल्पना गर्न लगाउनुहोस् । प्रत्येक समूहलाई फ्लिपचार्ट पेपरको एउटा एउटा टुक्रा दिनुहोस् । सहभागीहरूलाई उनीहरूले कल्पना गरेको समुदायको चित्र कोर्न लगाउनुहोस् । समुदायिक सम्पत्ति र स्रोतहरूको नक्साङ्कन गर्दा ती समूहलाई तल दिइएका प्रश्न ख्याल गर्न भन्नुहोस् :

- महिला र पुरुषहरूका लागि कुन स्रोतसाधन र सम्पत्ति महत्त्वपूर्ण छन् ? तिनीहरू कसको अधीनमा छन् वा तिनलाई कसले प्रयोग गर्छ ?
- तिनमा कसको पहुँच छ ? सो पहुँचमा कसको नियन्त्रण छ ?
- के त्यहाँ पुरुष र महिलाहरूले झेल्नु पर्ने सङ्कट फरकफरक छन् ? यस्तो अवस्थामा, समुदायका सदस्यहरूले कसरी काम गर्छन ?

| **नक्साङ्कन कार्यमा आइपर्ने जोखिमहरू तथा समुदायमा सुरक्षा सरोकार** |
|---|
| प्रकृतिक कारणले बारम्बार झेल्नुपर्ने खतराहरू (गहिरा खोल्सा, तीव्र वहावका नदी) साथै अस्थायी वा मौसमी जोखिम (अस्थायी बाढी निम्त्याउने मनसुन वा लोकस्टरहरू आकर्षण गर्ने खडेरी) बारे सोच्नुहोस् । यी खतराले आवश्यकता परेको समयमा हिडँडुल गर्ने मानिसहरूको क्षमतामाथि र उनीहरूलाई कृषिजन्य क्रियाकलापमा लाग्न बाधा गर्छन् । |

> यहाँ अरू किसिमका सुरक्षा सरोकार पनि छन् । ती मानव सुरक्षा सवालसँग सम्बन्धित हुन् । कुनै बेला महिला वा केटीहरूलाई समुदायको निश्चित भाग वा त्यसको वरिपरि हिँडडुल गर्न सुरक्षित हुँदैन । त्यहाँ उनीहरूमाथि आक्रमण हुन सक्छ ।
>
> अर्को फरक उदाहरण : दाउरा सङ्कलनका लागि उपलब्ध एउटा प्राकृतिक स्रोत जङ्गली जनावरका कारणले असुरक्षित हुन सक्छ ।

- धनी, गरिब, फरक धार्मिक समूह, भिन्न जात/जातीय समूह आदि बस्ने स्थान पत्ता लगाई नक्सामा उल्लेख गर्नुहोस् ।

- मन्दिर, मस्जिद, विद्यालय र क्लिनिकहरू कहाँ छन् ? पसल र बजारहरू कहाँ छन् ? बैङ्क र अरू संस्थाहरू नि ? यीलगायत, नदीहरू तथा रूखहरू जस्ता प्राकृतिक स्रोतहरूको अवस्थिति टिपोट गर्नु पनि महत्त्वपूर्ण हुन्छ ।

- के कुनै व्यक्ति ती स्रोतमा सहजै पुग्न सक्छ ?अथवा, के ती स्रोत सो समुदायभित्र बसोबास गर्ने जोसुकैका लागि उपलब्ध छन् ? के कुनै व्यक्तिको लैङ्गिकता, जात/जातीयता, उमेर वा शैक्षिक स्तरका कारणले उनीहरू सो समुदायभित्र रहेका कुनकुन स्थानमा जान पाउने वा नपाउने निर्धारण गर्छ ? उनीहरूलाई कुन दृष्टिकोणबाट हेरिन्छ ? ककसको घुमघाममा हिँडडुललाई धेरै बन्देज गरिन्छ ? किन ?

सहजकर्तालाई सुझाव : यदि सहभागीहरूले काल्पनिक समुदायको चित्र कोर्न सकेनन् भने, उनीहरूले काम गर्ने स्थान/समुदायभित्र रहेको एक सानो एकाइको नक्सा कोर्न लगाउनुहोस् ।

पछि, सबैले हेर्न सहज हुने गरी (*ग्यालरी वाक :* बरन्डामा हिँड्ने अवधिमा), प्रत्येक समूहलाई उनीहरूले तयार पारेका नक्सा भित्तामा झुन्ड्याउन लगाउनुहोस् । तपाईंहरूले यस क्रियाकलापलाई दिनको अन्तमा गरिने दैनिक आत्ममूल्याङ्कनको एउटा भागका रूपमा प्रयोग गर्न सक्नुहुन्छ ।

### १.६ .३ पशुधन तथा पशु चिकित्सा सेवा विस्तारमा पँहुच

सहजकर्ता : प्रत्येक समुदाय वा जिल्लाले सेवाग्राहीलाई संस्थागत सेवाहरू उपलब्ध गराउँछन् । सरकारी निकाय वा निजी सेवाप्रदायक वा दुबैमार्फत ती सेवा प्रवाह हुन्छन् ।

विस्तारित सेवा/अतिरिक्त सेवा

स्वास्थ्य सेवा

कृषिजन्य लागतहरू (बिउबिजन, मल, औषधि आदि)

पशु चिकित्सा कार्यालय

सहभागीहरूलाई सोध्नुहोस् : तपाईंहरू काम गर्ने स्थानमा केके कृषि/पशुजन्य विस्तारित सेवाहरू उपलब्ध छन् ? त्यहाँ केकस्ता कृषिजन्य लागतहरू उपलब्ध छन् ? के त्यहाँ कृषि सामग्री प्रदर्शनी वा कृषि मेलाका लागि निश्चित दिन तोकिएको हुन्छ ? के महिलाहरू र केटीहरू ती मेलामा उपस्थित हुन्छन् ? पशुहरूलाई प्रदान गरिने स्वास्थ्य सेवाको अवस्था कस्तो छ ? ती सेवाहरूमा ककसको पहुँच छ ? के त्यहाँ निश्चित जात/जातीय समुदायका महिलाहरूलाई उपस्थित हुन रोक्ने सास्कृतिक बन्देजहरू छन् ?

सहभागीहरूसँग समूहमा छलफल गर्नुहोस् । छलफलबाट प्राप्त मुख्य बुदाँहरू उनीहरूलाई सङ्क्षेपमा लेख्न भन्नुहोस् ।

## १.७ नेतृत्व लिने

सहजकर्ता : उचित परिस्थिति र वातावरण भएमा जोसुकै व्यक्ति नेता हुन सक्छ भन्ने बुँदालाई जोड दिनुहोस् । सहभागीहरूले ठानेको कुनै एक असल नेताबारे व्यक्तिगत तवरले कल्पना गर्न उनीहरूलाई २ मिनेट समय दिनुहोस् । लेख्नका लागि अगाडि नै टाँसिने रङ्गिन पेपर (नोट्स) वितरण गर्न सकिन्छ ।

त्यसपछि, सहभागीहरूलाई उनीहरूका छेऊमा रहेका साथीसँग पालैपालो उक्त नेताका केकस्ता कार्य, दृष्टिकोण र मूल्यहरू उनीहरूलाई मन पर्छ भनेर व्याख्या गर्न लगाउनुहोस् । प्रत्येक जोडीलाई ४ मिनेटको समय दिनुहोस् (जोडामा एक जनालाई २ मिनेटका दरले) ।

सहभागीहरूलाई एकत्रित गर्नुहोस् र छलफललाई (प्लेनरी) सहजीकरण गर्नुहोस् । उनीहरूले मनपराएका नेताहरूमा मिल्दाजुल्दा केकस्ता नेतृत्व गुणहरू वा सिपहरू छन् ? उनीहरूलाई भन्न लगाउनुहोस् ।

- मन पराइएका नेता कोको हुन ? महिला, पुरुष, युवा बुढा नेता आदि ?
- के तपाईंहरूको समुदायमा महिलाहरू नेतृत्व तहको भूमिकामा हुनुहुन्छ ?

पत्ता लगाइएका मुख्य बुँदाहरूलाई यसरी सङ्क्षेपमा लेख्नुहोस् वा भन्नुहोस् ।

- जुनसुकै व्यक्ति नेता बन्न सक्छ किनभने............
- असल नेतामा हुनुपर्ने गुणहरू ...........................

### १.७.१ पशु स्वास्थ्यमा लैङ्गिकता र नेतृत्व

सहजकर्ता : लैङ्गिकता, नेतृत्व तथा पशु स्वास्थ्यका विषयमा यो एक सहजीकृत छलफल हो ।हामी लैङ्गिकता र नेतृत्वबारे कुराकानी गर्न गइरहेका छौं । सहभागीहरूलाई छलफलमा (प्लेनरीमा) निम्न प्रश्नहरू सोध्नुहोस् :

- यो किन पशु स्वास्थ्य कार्यकर्ताका लागि महत्त्वपूर्ण शीर्षक हो ?
- यो विषय किन छलफल गरिनुपर्ने हो ?
- के पशु स्वास्थ्य क्षेत्रमा महिलाहरू नेतृत्वकर्ता (नेता) बन्न सक्छन् ?

- उदाहरणका लागि यहाँ महिला पशु चिकित्सकहरूको कमी छ । तपाईंहरूलाई यो अवस्था किन आएको हो जस्तो लाग्छ ?

प्रत्येक प्रश्नका लागि छुट्टा छुट्टै बनाइएको फ्लिपचार्टमा सहभागीका प्रतिक्रिया टिपोट गर्नुहोस् ।

## ३.१२ कृषि-पशु चिकित्साउद्यमी बन्न महिलाहरूलाई सशक्त  बनाउने कार्य

सहजकर्ता : महिला तथा केटीहरूलाई उद्यमशीलताको बाटो रोज्न उत्साहित गर्न प्रशिक्षकले उनीहरूमा रहेको सिपको कमी तथा पशुधन बजार प्रणालीभित्रका अवसरहरूबारे बुझ्नुपर्छ । नेपालको कृषि क्षेत्रमा युवाहरूलाई संलग्न गराउन उत्साहित गर्ने एउटा हालैको परियोजनाबाट पत्ता लागेको तथ्यअनुसार कृषि जागिर भेलाहरूले सहभागीहरूबिच एक आपसमा सिप र ज्ञान साट्ने तथा उनीहरूलाई व्यावसायिक सञ्जाल र भविष्यका रोजगार दाताहरूसँग जोडिने प्लेटफर्म (विशेष मौका) प्रदान गर्दछन् । यस्ता भेलाहरूले कृषिउत्पादन, भण्डारण ढुवानी  (भ्याल्यु चेन) जस्ता कृषिजन्य कार्यका मार्गहरूबारे जानकारी दिन्छन् । यसका साथै, यिनले हामीमा प्राविधिक र सिपहरू 'सफ्ट स्किल' दुबै हुनुपर्ने महत्त्वलाई जोड दिन्छन् (जस्तै नेतृत्व सिपसहित पशुहरूलाई खोप दिने सिप) । महिलाहरूको स्वामित्वमा भएका र उनीहरूद्वारा सञ्चालित कृषि-पशु चिकित्सा व्यवसाय प्रदर्शनीले पशुपालन र कृषि क्षेत्रमा संलग्न मानिसहरूमा रहेका लैङ्गिक भूमिकासम्बन्धी परम्परागत धारणालाई चुनौती दिन पनि सहयोग गर्छन् ।

तलका प्रश्नहरू प्रयोग गरेर, छलफललाई सहज बनाउनुहोस्:

- के तपाईंहरूको क्षेत्रमा महिलाहरूको स्वामित्वमा भएका र सञ्चालित रहेका कृषि-पशु चिकित्सा व्यवसायहरू छन्?
- कृषि-पशु चिकित्सा उद्यमी महिलाहरूलाई उत्साहित गर्ने तरिकाहरू केके छन् । नेपालका सन्दर्भबाट उदाहरणहरू दिनुहोस् । पशुधनका सवालमा समुदायले बनाउने परम्परागत लैङ्गिक भूमिकासम्बन्धी धारणालाई चुनौती दिन तपाईंहरू आफ्नो कार्यस्थलमा केकस्ता तरिकाहरू अपनाउनुहुन्छ ? सोच्नुहोस् ।

## तालिमको समापन

यस तालिमको प्रभावकारिता निर्धारण गर्न, सहभागीहरूले व्यक्तिगत रूपले तथा सामूहिक तवरले तालिम सत्रहरूको मूल्याङ्कन गर्छन् । जसद्वारा, उनीहरूले भविष्यका तालिमहरूमा सुधार ल्याउने मुल्यवान पृष्ठपोषण/सुझावहरू दिन्छन् । कुनै पनि तालिमको दीर्घकालीन प्रभाव सुनिश्चित गर्न, "सो एन्ड नाउ ह्वाट ?" (यो भयो, अब यसपछि के?) पक्षलाई मनन गरिनुपर्छ; एउटा तालिम सम्पन्न भएपछि ठोस 'आगामी चरणहरू' (next steps) पहिचान गर्न सहभागीहरूलाई उत्साहित गर्नुपर्छ । यस कार्यले सहजकर्ताहरूलाई तालिमले सहभागीहरूमा ल्याएको परिवर्तन (यदि कुनै परिवर्तन ल्यायो भने) मापन (तालिपश्चात्को मूल्याङ्कन) गर्ने उपाय सुझाउँछ ।

## ६.६ ओरिड (ORID) आत्ममूल्याङ्कन

सहभागीहरूलाई एक ठाउँमा जम्मा गरेर छोटकरीमा तालिमको समीक्षा गर्न तालिम कक्ष (Meeting room) भित्र रहेका सामग्री सरसर्ती हेर्दै (galary walk) घुम्न भन्नुहोस् (जस्तै, भित्तामा टाँसेका फ्लिपचार्टहरू पुनरावलोकन गर्ने)। एक सहभागी अर्को सहभागीतर्फ फर्किने गरी उभ्याएर वा बसालेर सहभागीहरूलाई लाइनमा राख्नुहोस् (तल चित्रमा देखाए जस्तै) । लाइनमा रहँदा एक सहभागी प्रत्यक्ष रूपमा अर्को सहभागीका आमन्ने सामन्ने हुनुपर्छ । फ्लिपचार्ट वा

पावर प्वाइन्ट स्लाइडमा भएका ओरिडका (ORID) प्रश्नहरूमध्ये पहिलो प्रश्न देखाउनुहोस् । अब, आमन्ने सामन्ने रहेका जोडीलाई पालै पालो एक अर्कालाई ती प्रश्न सोध्न लगाउनुहोस् । ५-६ मिनेटपछि, प्रश्नोत्तरका लागि सबै सहभागीहरूले नयाँ जोडी (partner) पाउने गरी एक दिशामा रहेका सहभागीहरूलाई ठिक एक स्थान दायाँतर्फ सर्न भन्नुहोस् । त्यसपछि, ओरिडको (ORID) दोस्रो प्रश्न देखाउनुहोस् । यो प्रक्रिया दोहोऱ्याउनुहोस् । ओरिडका तेस्रो र चौथो प्रश्नहरू देखाउन, एक लाइनमा रहेका सहभागीहरूलाई एक कदम/स्थान दायाँ सर्न जारी राख्न भन्नुहोस् । यसले गर्दा एक सहभागीले सधैं नयाँ जोडी पाउँछ । निष्कर्षमा, ओरिड आत्ममूल्याङ्कन हाते सामग्रीका(६.१) प्रतिहरू वितरण गर्नुहोस् । सहभागीहरूले यस क्रियाकलापलाई ग्रामिण पशु  स्वास्थ्य कार्यकर्ताबिच कसरी प्रयोग गर्न सक्छन् ?छलफल गर्नुहोस् ।



Example of ORID Reflection

**ओरिड आत्म मूल्याङ्कनको उदाहरण**

**६.७. तालिमपश्चात् मूल्याङ्कन**

सहजकर्ता : **हाते सामग्री  १.२.तालिमपश्चात् मूल्याङ्कन** वितरण गर्नुहोस् । फाराम भर्न र फर्काउन सहभागीहरूलाई २० मिनेट समय दिनुहोस् ।

**६.८ प्रमाणपत्र वितरण**

सहजकर्ता : तालिममा उपस्थित भएकामा तथा सहभागीहरू सम्बन्धित समुदायहरूमा पशु खोपको प्रभावकारिता बढाउने प्रतिबद्धता जाहेर गरेकामा धन्यवाद दिँदैं उनीहरूलाई प्रमाणमत्र हस्तान्तरण गर्नुहोस् ।

## हाते सामग्रीहरू

## हाते सामग्री १.० तालिम विषयवस्तु (एजेन्डा)

यो तालिमको विषयवस्तु पशु सेवा शाखा तथा सहकारीका कर्मचारीहरुको लागी तयार गरिएको हो ।

| **पहिलो दिन** | |
|---|---|
| ८:००–८:३० (विहान) | नाम दर्ता (सहभागीहरूको प्रवेश)<br>तालिमपूर्व मूल्याङ्कन |
| ८:३०–९:३० | स्वागत तथा परिचय<br>फिसबोल क्रियाकलाप<br>विषयवस्तु पुनरावलोकन |
| ९:३०–११:०० | गिटाको (GITA) परिचय<br>• गिटा (GITA) को अर्थ के हो?<br>• लैङ्गिकता तथा बहुआयमिक अन्तरविच्छेदनात्मक विभेद<br>• लैङ्गिक पहिचान छुट्याउने जीवनका क्षणहरू<br>• पशुधन उत्पादनमा लैङ्गिक भूमिका |
| ११:०० – ११:४५ | दिउँसोको खाना |
| ११:४५ – १:३० | **गिटा**को परिचय : **गिटा** भनेको केहो ? (अघिल्लै शीर्षकको निरन्तरता......)<br>• पशु स्वास्थ्यमा लैङ्गिक कोठाहरू (बक्स)<br>• नेपालका सन्दर्भमा **गिटा** र **गेसी** (GESI)<br>• पशु स्वास्थ्यमा महिलाहरूको भूमिका |
| १:३० –२:३० | समुदाय भनेको के हो ?<br>• समुदाय नक्साङ्कन, जीवन निर्वाहका सम्पत्ति तथा स्रोतसाधन<br>• पशुधन तथा पशु चिकित्सा बिस्तार सेवामा पहुँच |
| २:३० –२:४५ | चिया ब्रेक |

| | |
|---|---|
| २:४५ –३:४५ | नेतृत्व लिने<br>• पशु स्वास्थ्यमा लैङ्गिकता र नेतृत्व<br>• कृषि-पशु चिकित्सा उद्यमी बन्न महिलाहरूलाई सवल बनाउने कार्य |
| ३:४५ –४:३० | समापन<br>ओरिड आत्ममूल्याङ्कन<br>तालिमपश्चात् मूल्याङ्कन<br>प्रमाणपत्र वितरण |

## हाते सामग्री १.१ तालिमपूर्व मूल्याङ्कन

नाम : ____________________ मिति ____________________

कृपया दिइएको स्केल (स्तर) प्रयोग गरेर तल दिइएका क्रियाकलाप पूरा गर्न सक्ने तपाईंको क्षमता मापन गर्नुहोस् :

३= धेरै हदसम्म २= केही मात्रामा १ धेरै कम ० : बिल्कुलै सक्दिनँ

....................समुदायका सदस्यहरू बिच तपाईंले गरिरहेको काममा गिटा (GITA) र गेसी (GESI) प्रयोगले तपाईंको विधिलाई पार्ने असर **वर्णन गर्नुहोस्** ।

....................महिला र पुरुष वा केटा र केटीले प्राप्त गर्ने अवसरलाई संस्कृतिले पार्ने प्रभाव **पहिचान गर्नुहोस्** ।

....................पशुधन उत्पादन र बिक्रीमा, तपाईंले समुदायका मानिसहरूसँग काम गर्ने तरिकालाई **गिटा**ले (GITA) पार्ने प्रभाव **व्याख्या गर्नुहोस्** ।

....................तपाईंले महिला र पुरुष पशुपालकहरूलाई दिने सेवालाई तपाईंको व्यक्तिगत दृष्टिकोणले पार्ने असर **विश्लेषण गर्नुहोस्** ।

....................समुदायको नेतृत्वकर्ता र व्यवसायको नेतृत्वकर्ता हुनुबिचका फरकहरूको **सूची बनाउनुहोस्** ।

यस तालिमबाट मैले अपेक्षा गरेका **मुख्य परिणामहरू**..................................................

...........................................................................................................................
...........................................................................................................................
...........................................................................................................................

धन्यवाद

## हाते सामग्री १.२ तालिमपश्चात् मूल्याङ्कन

नाम :____________________________ मिति ____________________

कृपया दिइएको स्केल (स्तर) प्रयोग गरेर तल दिइएका क्रियाकलाप पूरा गर्न सक्ने तपाईंको क्षमता मापन गर्नुहोस् :

३= धेरै हदसम्म २= केही मात्रामा १ धेरै कम ० : बिल्कुलै सक्दिनँ

…………………समुदायका सदस्यहरूबिच तपाईंले गरिरहेको काममा गिटा (GITA) र गेसी (GESI) प्रयोगले तपाईंको विधिलाई पार्ने असर **वर्णन गर्नुहोस्**।

…………………महिला र पुरुष वा केटा र केटीले प्राप्त गर्ने अवसरलाई संस्कृतिले पार्ने प्रभाव **पहिचान गर्नुहोस्**।

…………………पशुधन उत्पादन र बिक्रीमा, तपाईंले समुदायका मानिसहरूसँग काम गर्ने तरिकालाई **गिटा**ले (GITA) पार्ने प्रभाव **व्याख्या गर्नुहोस्**।

…………………तपाईंले महिला र पुरुष पशुपालकहरूलाई दिने सेवालाई तपाईंको व्यक्तिगत दृष्टिकोणले पार्ने असर **विश्लेषण गर्नुहोस्**।

…………………समुदायको नेतृत्वकर्ता र व्यवसायको नेतृत्वकर्ता हुनुबिचका फरकहरूको **सूची बनाउनुहोस्**।

यस तालिमका सबैभन्दा **उत्तम पक्षहरू** :

……………………………………………………………………………………………………………
……………………………………………………………………………………………………………
……………………………………………………………………………………………………………
……………………………………………………………………………………………………………
……………………………………………………………………………………………………………
……………………………………………………………………………………………………………

यस तालिममा सहभागी भएर मैले प्राप्त गरेको एक **नयाँ ज्ञान/बुझाइ :**

……………………………………………………………………………………………………………
……………………………………………………………………………………………………………
……………………………………………………………………………………………………………
……………………………………………………………………………………………………………

नेपाल, सेनेगल र युगान्डामा पशुपंक्षी खोपको मूल्य श्रृंखला विकाशका लागि महिला सहभागिताको सुनिस्चितता

……………………………………………………………………………………………………………………
……………………………………………………………………………………………………………………

यस तालिमका कारण मैले पूरा गर्न **प्रतिबद्धता जाहेर गर्ने** एक काम :

……………………………………………………………………………………………………………………
……………………………………………………………………………………………………………………
……………………………………………………………………………………………………………………
……………………………………………………………………………………………………………………
……………………………………………………………………………………………………………………

यो तालिम **सुधारका** लागि मेरा सुझावहरू :……………………………

धन्यवाद

## हाते सामग्री १.३ हाजिरी पाना

*प्रत्येक दिनको तालिमका लागि नयाँ हाजिरी पाना प्रयोग गर्नुहोस् ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **तालिम शीर्षक** | | | | | | |
| **प्रशिक्षक(हरू) को नाम** | | | | | | |
| **तालिम स्थान : (गाउँ, जिल्ला, क्षेत्र, तथा देश)** | | | | | | |
| **मिति** | | | | | | |
| **नाम** | | लिङ्ग | उमेर | सेवा प्रदान गरिएको समुदायको नाम | फोन नं : | सही |
| | | महिला/पुरुष | (१५-२९) | | | |
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |
| ८ | | | | | | |
| ९ | | | | | | |
| १० | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११ | | | | | | |
| १२ | | | | | | |
| १३ | | | | | | |

## हाते सामग्री १.४ फिसबोल

तलको परिस्थितिमा, सहभागीहरूलाई एउटा भूमिका निर्वाह क्रियाकलापमा सामेल गराउनुहोस्, जसमा महिला पशुधनी र उनीहरूका श्रीमान्हरू हुन्छन् । ग्रामिण ग्रामिण पशु स्वास्थ्य कार्यकर्ताको भूमिकामा रहेका सहभागीहरूको काम उग्राउने जनावर (भेडाबाखा) पाल्ने महिलाहरू पत्ता लगाउने, पहिचान गर्ने तथा उनीहरूलाई आफना पशुहरूलाई खोप लगाउन प्रेरित गर्नुहुने छ । यस भूमिकामा रहेका सहभागीहरूले महिला पशुधनी र तिनका श्रीमान्हरूलाई एक लक्षित समूह छलफलमा सरिक हुन आमत्रित गर्नेछन् र उनीहरूलाई आफ्ना बाखा, भेडाहरूमा पिपिआर विरूद्धको खोप किन प्रयोग नगरेको भनेर प्रश्न सोध्नेछन् । कुनै भूमिका नपाएका सहभागीहरूलाई भूमिका निर्वाह गरिरहेका सहभागीहरूले केके गर्छन् सोको अवलोकन गर्ने काम दिनुहोस् । उनीहरूले के सुने ? छलफलमा औंल्याएअनुरूप विभिन्न बाधाहरू भए तापनि, महिलाहरूलाई तिनका पशुहरूलाई खोप दिलाउन कसरी प्रेरित गर्न सक्छन् ? छलफल गर्नुहोस् ।

आठ जना स्वयम्सेवकहरूलाई निम्नअनुसारका भूमिका निर्वाह गर्न भन्नुहोस् :

- चारजना सहभागीहरूले महिला  पशुपालकको भूमिका निर्वाह गर्ने
- दुई जनाले उनीहरूका श्रीमान्हरूको भूमिका लिने
- दुई जनाले ग्रामिण पशु स्वास्थ्य कार्यकर्ताहरूको भूमिका लिने

महिला पशुपालकका लागि लेख्य सामग्री (स्क्रिप्ट)

तपाईंहरू आफ्ना पशुलाई खोप दिन अनिच्छुक हुनुहुन्छ । तपाईंहरू प्रत्येकले सो कार्य नगर्नाका पछाडि धेरै कारणहरू दिनुभयो :

- खोप दिने स्थल धेरै टाढा छ ।
- मैले खोप दिने कार्यक्रमबारे समयमै जानकारी पाइनँ ।
- मैले सुनेअनुसार, धेरै पशु पाल्ने कृषकहरू मात्र खोप कार्यक्रममा सरिक हुन पाउने रे ।
- खोपका लागि तिर्ने पैसा मसँग थिएन । अथवा मलाई पैसा तिर्नुपर्छ जस्तो लाग्यो, त्यसैले म गइनँ ।
- मैले श्रीमान्लाई खोपका लागि मेरा बााखा लान भने, तर उहाँले सो कार्य गर्न चाहनु भएन ।
- मैले घरायसी कामहरू गर्नुपर्ने हुन्छ । म मेरो बालीनाली सम्हाल्न व्यस्त छु ।
- मेरो श्रीमानले मलाई खोप स्थलमा जान दिनुहुन्न ।
- खोप दिने स्थानसम्म हिँड्न सुरक्षित छैन किनभने म आक्रमणमा पर्न सक्छु ।
- अहिले यहाँ भए जस्ता मिटिडहरूले मेरा काम गर्ने समय बर्बाद बनाउँछन् ।
- मेरा धेरै साथीहरू धेरै व्यस्त भएकाले खोप स्थलमा उपस्थित हुन सक्दैनन् ।

श्रीमान्ले एक पुरुषका रूपमा उनीहरूले चाहेअनुरूपको भूमिका प्रदर्शन गर्न सक्छन् ।

माथि दिइएको स्क्रिप्ट प्रयोग गरेर, महिला पशुधनी र उनीहरूका श्रीमानका बिच कुराकानी गर्न ५ मिनेट समय दिनुहोस् ।

ग्रामिण पशु स्वास्थ्य कार्यकर्ताको भूमिका रहेका दुई सहभागीहरूले महिलाहरूका कुरा सुन्दै गर्ने र उनीहरूलाई प्रश्न गर्दै गर्नुपर्छ ।

भूमिका निर्वाह गर्ने सहभागीहरूसँग ५ मिनेट कुराकानी गरेपछि, सहजकर्ताले **समालोचनात्मक आत्ममूल्याङ्कन** गर्ने छन् ।

समालोचनात्मक आत्म मूल्याङ्कनका लागि प्रश्नहरू :

- महिला पशुधनीहरूप्रति तपाईंहरूको धारणा कस्तो छ ? तपाईंहरूको (यससम्बन्धी) ज्ञान केमा आधारित छ ?
- के तपाईहरूलाई खोप कार्यक्रममा महिलाहरू सहभागी नहुनुका सबै कारण थाह थियो ?
- महिलाहरूको सहभागिताका लागि कसरी उत्प्रेरित गर्नुहुन्छ । उत्साहित बनाउनुहुन्छ ?

सहजकर्ताका लागि स्मरणीय बुँदाहरू :

पुरुषहरूलाई महिलाको भूमिका र महिलाहरूलाई पुरुषको भूमिका निर्वाह गर्न लगाउनुहोस् । समालोचनात्मक आत्ममूल्याङ्कनका क्रममा, भूमिका निर्वाह गरेका सहभागीहरूलगायत सबैलाई माथिका प्रश्न सोध्नुहोस् ।

### हाते सामग्री १.५ एक व्यक्तिका बहुपहिचानहरू



## हाते सामग्री १.६ लैङ्गिक लाइफ लाइन

तलिम १क : एक महिलाको लैङ्गिक लाइफ लाइन

| उमेर | अपेक्षित व्यवहार, जिम्मेवारी तथा नियमहरू | अवसरहरू तथा उपलब्धिहरू |
|---|---|---|
| ०- ५ | | |
| ५ -१० | | |
| १०-१५ | | |
| १५ -२० | | |
| २०- २५ | | |
| २५ -३५ | | |
| ३५- ५० | | |
| ५० भन्दा माथि | | |

तलिका १ ख : पुरुष लैङ्गिक लाइफलाइन

| उमेर | अपेक्षित व्यवहार,जिम्मेवारी तथा नियमहरू | अवसरहरू तथा उपलब्धिहरू |
|---|---|---|
| ०- ५ | | |
| ५ -१० | | |
| १०-१५ | | |

| | | |
|---|---|---|
| १५ -२० | | |
| २०- २५ | | |
| २५ -३५ | | |
| ३५- ५० | | |
| ५० भन्दा माथि | | |

## हाते सामग्री १.७ पशु स्वास्थ्यमा महिलाहरूको भूमिका

सहभागीहरूले एक्लाएक्लै कार्य गर्नुपर्नेछ ।

ग्रामिण पशु स्वास्थ्य कार्यकर्ताका रूपमा, तपाईं एक दूर ग्रामीण क्षेत्रमा रहेका साना किसानहरूसँग काम गर्दै हुनुहुन्छ, जो पशुचिकित्सा सहयोगका लागि सरकारी पशु सेवा विभागसँग भर पर्छन् । सो क्षेत्रमा पशुजन्य धेरै रोगहरू विद्यमान छन् । यिनलाई सरकार उन्मूलन गर्न चाहन्छ । यी रोगहरूभित्र **पिपिआर** रोग (उग्राउने पशुलाई लाग्ने पेस्टे, डेस, पेटिस) पनि पर्छ । रोगले महामरीको रूप लिएको रिपोटिङका आधारमा सरकारले निश्चित स्थानमा आवधिक खोप अभियानहरू सञ्चालन गर्छ । तर, उक्त स्थान पशुपालक किसानहरू रहेको स्थानभन्दा धेरै टाढा हुन सक्छ । दूरदराजमा रहेका कारणले, किसानहरूलाई यी अभियानबारे सही जानकारी छैन । धेरैजसो समय महिलाहरूले खोप अभियानहरू सञ्चालन हुनुअघि यीबारे केही सुनेका हुँदैनन् ।

पशुधन उत्पादनलगायत पशु स्वास्थ्यमा, महिला र पुरुषका परम्परागत भूमिकाहरू छन् । महिलाहरूको साना पशुलाई खुवाउने रहेरचाह गर्ने जिम्वेवारी हुन्छ भने पुरुषहरू गाईवस्तु हेर्ने र फार्मबाहिरका काम गर्छन् । पशुहरू बिरामी भएमा, तिनको हेरचाह गर्ने काम महिलाको हुन्छ । पुरुषहरू भने अरू पशु चराउन लान्छन् । धेरैजसो घरायासी श्रम, बालबालिकाको स्याहार, खाना पकाउने कार्यको जिम्वेवारी पनि महिलाहरूकै हुन्छ । यसका साथै, उनीहरूको कार्य तालिकाअनुरूप उपयुक्त हुने अन्य आयआर्जनका काममा पनि महिलाहरू सरिक हुन्छन् । यी विभिन्न जिम्मेवारीका कारण, उनीहरूलाई पशुसम्बन्धी तालिम वा खोप कार्यक्रममा भाग लिन कठिन हुन्छ । पशु स्वास्थ्यमा महिलाहरूको भूमिकाबारे सचेतना बढाउन, तपाईंहरूलाई एउटा अभियान सिर्जना गर्न भनिएको छ । साना पशुलाई खोप दिने कार्य बढाउने तथा त्यसमा महिला सहभागी हुने क्षमता विकास गर्ने **पिपिआर** खोप रणनीति बनाउने विशिष्ट कार्य तपाईंहरूलाई दिइएको छ ।

अघिल्ला सत्रहरूबाट प्राप्त जानकारी प्रयोग गरेर, एक परिचालन रणनीति तयार गर्नुहोस् जसले निम्न पक्षहरू समाविष्ट गर्नुपर्ने छ :

क) पशुस्वास्थ्यमा महिलाहरूको भूमिकाबारे सचेतना वृद्धि गर्ने,

ख) खोप कार्यको आवश्यकताबारे महिलाहरूबिच सचेतना बढाउने,

ग) खोप कार्य सञ्चालन हुने स्थलको सुरुमै घोषणा गर्न प्रभावकारी सञ्चार साधनहरूको प्रयोग गर्ने, तथा

घ) उनीहरूका पशुलाई खोप दिलाउन महिलाहरूको क्षमता वृद्धि गर्ने ।

तपाईंहरूले सो परिचालन रणनीति खाका कोर्दा अनुच्छेदको सट्टा बुलेट बुँदाहरू प्रयोग गर्नुहोस् ।

१.......................................................................................................................................
.......................................................................................................................................

२.......................................................................................................................................
.......................................................................................................................................

३.......................................................................................................................................
.......................................................................................................................................

४.......................................................................................................................................
.......................................................................................................................................

## हाते सामग्री १.८ समुदायको सम्पत्ति वा स्रोतसाधनका उदाहरण

**सङ्घहरू**
- बाखा सहकारी
- उत्पादक सहकारी
- महिला समूह
- दाता समूह
- पशुधन समूह
- शिक्षा समूह
- प्रौढ समूह
- वातावरण समूह

**भौतिक स्थान**
- पशुधनसेवा शाखा विभाग
- चर्च
- बजार
- पसल
- खेती
- वन/वन संरक्षण
- वाटर बोरहोल (बोरिङग गरेर पानी निकाल्ने स्थान)
- नदी

**संस्थाहरू**
- विद्यालय
- सामुदायिक केन्द्र
- स्वास्थ्य केन्द्र
- **मज्दिर**
- पशुचिकित्सा कार्यालय
- कृषि–पशु सामान पसल सहकारी
- सहकारी

**व्यक्तिहरू**
- विशेष प्रतिभा, सिप क्षमता, ज्ञान तथा गुणहरू
- युवा पुस्ता
- माथिल्लो उमेरका प्रौढहरू
- वभिन्न जातका मानिसहरू -बाहुन, क्षेत्री, जनजाति तथा दलित
- फरक शारीरिक क्षमता अपाङ्गता भएका मनिसहरू
- अभिभावकहरू बालबालिकाहरू
- उद्यमीहरू

**स्थानीय अर्थतन्त्र**
- कुखुरा फार्म
- व्यावसायिक बाखा फार्म
- बालीनाली लगाउने जग्गा
- पशुधन सेवा शाखा
- बैंक
- **वियर (जाडँ) बनाउने**
- सब्जीमन्डी (बजार)

साभार गरिएको स्रोत : समुदायको शक्ति पत्ता लगाउने - कार्य) : स्थानीय सम्पत्तिहरू तथा तपाईंको संस्थाको क्षमता परिचालनसम्बन्धी निर्देशिका, क्रेट्जम्यान, जे. तथा म्याकनाइट, जे. सम्पत्तिमा आधरित समुदाय विकास संस्थान, शिक्षा तथा सामाजिक नीति विद्यालय; नर्थ वेस्टर्न विश्वविद्यालय, २००५.

## हाते पुस्तिका ५.३ महिला उद्यमीका छविहरू

तलिम सत्र सुरु हुनुअगावै, यी तस्विरहरू प्रिन्ट गर्नुहोस् (एउटाबाट धेरै प्रति निकाल्नुहोस् )

तस्बिरहरू

तस्बिर १



स्रोत :Taylor Pittman

तस्बिर २



तालिम सहजीकरण पुस्तिका

# नेपाल, सेनेगल र युगान्डामा पशुपंक्षी खोपको मूल्य श्रृंखला विकाशका लागि महिला सहभागिताको सुनिस्चितता



श्रोत  हेफर इन्टर नेसनल

## हाते पुस्तिका ६.२. ओरिड (ORID) आत्ममूल्याङ्कन

- के भयो (वस्तुगत प्रश्नहरू)
    - यस तालिमका कुन कुन पक्ष, घटना वा आकृतिहरू सबैभन्दा बढी सम्भन लायक रहे ?
- हिम्मत – यस तालिममा के भयो/गरियो भन्नेबारे पक्षमा तपाईले कस्तो महसुस गर्नुभयो ? (अनुभूति व्यक्त गराउने प्रश्नहरू)
    - यस तालिमको उच्च बिन्दु (राम्रो पक्ष) के थियो ?
    - तल्लो बिन्दु (नराम्रो पक्ष) नि ?
- त्यसकारण यसले के भिन्नता ल्याउँछ ? (व्याख्यात्मक प्रश्नहरू)
- ग्रामिण पशु स्वास्थ्य कार्यकर्ताहरूसँग काममा गिटा (GITA) तथा गेसी (GESI) को अवधारणहरूको प्रयोग सन्दर्भमा, तपाईंले ज्ञान तथा सिप स्तरहरूबारे केके सिक्नुभयो ?
- अब, के हामी के गर्छौं ? (सङ्कल्प खोज्ने प्रश्नहरू)
- यस तालिममा सहभागी भएका कारणले, तपाईंहरूले गर्ने अन्तरक्रिया तथा ग्रामिण पशु स्वास्थ्य कार्यकर्ताहरूसँगको काममा, कसरी भिन्न ढङ्गले गर्नुहुन्छ ?